राधी विद्युत कम्पनी लिमिटेडको

आ.ब. २०७०/७१ को वार्षिक साधारण सभाको माईन्यूट

आज मिति २०७१ साल चैत्र महिना २९ गते दिउसोको २:३० बजे का.जि., का.म.न.पा वडा नं. १० इन्द्रेणी कम्प्लेक्स, बानेश्वरमा यस **राधी विद्युत कम्पनी लिमिटेडको** आ.ब. २०७०/२०७१ को वार्षिक साधारण सभाको बैठक संचालक समितिका अध्यक्ष ज्यूको सभापतीत्वमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

(१) उपस्थिति

१. श्री विनय भण्डारी	अध्यक्ष
२. श्री उज्वल सिलवाल	सञ्चालक
३. श्री ध्रुव राज मिश्र	सञ्चालक
४. श्री दिपेन्द्र लाल कर्ण	सञ्चालक
५. श्री हेम जंग गुरुङ्ग	सञ्चालक
६. श्री राम बहादुर गुरुङ्ग	सञ्चालक

आमन्त्रित

१. श्री अजय श्रेष्ठ	गान्धी एण्ड एशोसिएट्सका तर्फबाट
२. श्री सुरेश चन्द्र खरेल	कम्पनी सचिव

(२) प्रस्तावहरु

क) सामान्य प्रस्ताव

१. आ. ब. २०७०/७१ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखा परिक्षकको प्रतिवेदन सहित आ.व.२०७०/७१ आषाढ मसान्त सम्मको वासलात तथा नाफा नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह विवरण माथि छलफल गरि अनुमोदन गर्ने ।

३. आ.व. २०७१/७२ को लागि लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४.संचालकहरुको बैठक भत्ता बृद्धि गर्ने ।

ख) **विशेष प्रस्ताव :** कम्पनीको प्रबन्ध पत्र तथा नियमावलिमा संशोधन ।

ग. विविध ।

आजको यो सभा बैधानिक भए नभएको तर्फ छलफल गर्दा कम्पनी ऐन २०६३ र कम्पनीको प्रबन्ध पत्र तथा नियमावली बमोजिम गणपूरक संख्या पूरा भएको कम्पनी सचिवले जानकारी गराउनु भयो । त्यस पछि सभाको वैधानिकता पुरा भएकोले सभाको कारवाही अगाडी बढाउन अध्यक्षज्यूले निर्देशन दिनुभयो ।

(३) छलफल तथा निर्णयहरु :

प्रस्ताव नं १

अध्यक्षज्यूले कम्पनीको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै गत आ.ब.का ठूला उपलब्धिहरु र भविष्यका योजनाहरुबारे चर्चा गर्नु भयो र उक्त प्रतिवेदन स्विकृतिको लागि सबै शेयरधनी सामु पेश गर्नु भयो । साथै उपस्थित शेयरधनीहरु मध्ये केहीले यस कम्पनीले लगानी गरेका र आगामी दिनमा लगानी गर्ने भनेका आयोजनाहरुको बारेमा राखेको जिज्ञासा माथी कम्पनीका प्रबन्ध संचालकज्यूले प्रस्ट पार्नुभयो । अध्यक्षज्यूले पेश गर्नु भएको प्रतिवेदन सर्वसम्मतीबाट पारित गरियो ।

प्रस्ताव नं २

लेखापरीक्षकले तयार पार्नु भएको आ. व ०७०/०७१ को आर्थिक प्रतिवेदन वार्षिक साधारण सभामा स्वीकृतिका लागी पेश गरियो । लेखापरिक्षकले पेश गर्नुभएको आ. व ०७०/०७१ को आर्थिक प्रतिवेदन माथि छलफल भई उक्त प्रतिवेदन साधारण सभामा उपस्थित सबै शेयरधनीद्वारा सर्वसम्मतीबाट पारित गरियो ।

प्रस्ताव नं ३

अध्यक्षज्यूले आर्थिक बर्ष ०७१/०७२ को लागी लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक तय गर्ने प्रस्ताव बैठक समक्ष राख्नु भयो । अध्यक्षज्यूद्वारा कम्पनीको आर्थिक बर्ष ०७१/७२ का लागि देवकी बिजय एण्ड कं. का लेखा परिक्षक श्री पि.के.स्वर्णकारलाई लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक रु.२१,५००।०० (कर बाहेक) हुने प्रस्ताव बैठक सामु राख्नु भयो ।

छलफल पश्चात् सबै शेयरधनीहरुद्वारा सर्वसम्मत्मा देवकी विजय एण्ड कं. का लेखा परिक्षक श्री पि.के.स्वर्णकारलाई आर्थिक बर्ष ०७१/०७२ को लेखापरीक्षक नियुक्ति गरियो र निजको पारिश्रामिक रु. २१,५००।००(कर बाहेक) हुने प्रस्ताव पारित गरियो ।

प्रस्ताव नं.४.

अध्यक्षज्यूले संचालकहरुको बैठक भत्ता रु.२,०००।०० बाट बृद्धि गरी रु.३,०००।०० गर्ने प्रस्ताव साधारण सभामा उपस्थित शेयरधनीहरु समक्ष राख्नुभयो ।

छलफल पश्चात् सबै शेयरधनीहरुद्वारा सर्वसम्मत्मा संचालकहरुको बैठक भत्ता रु.२,०००।०० बाट बृद्धि गरी रु.३,०००।०० गर्ने प्रस्ताव पारीत गरियो।

प्रस्ताव नं. ५

साधारण सभामा उपस्थित शेयरधनीहरुबाट छलफल हुदाँ प्रबन्धपत्रको दफा ५ को ५.२, ५.४ र दफा ७ को ७.४, ७.५ तथा नियमावलीको नियम ५ को (ख), (ङ), नियम १२ को (ख), (झ), (ञ) तथा नियम २१ मा २१.७, २१.८, २१.९, २१.१०, २१.११ र २१.१२ मा निम्न बमोजिम हुने गरी संसोधन गरिने निर्णय पारित गरियो ।

प्रबन्धपत्रमा संशोधन (तीन महले) प्रस्ताव

क्र.स.	साविकको व्यवथा	हालको व्यवस्था	परिवर्तनको कारण
१.	दफा ५. ५.२ कम्पनीको जारी पूँजी रु. २३,००,००,०००/-(तेईस करोड) हुनेछ । ५.४ कम्पनीको जारी पूँजी मध्ये ३० प्रतिशत शेयर सर्वसाधारणको लागी छुट्टाइएको छ ।	दफा ५. ५.२ कम्पनीको जारी पूँजी रु. ४१,००,००,०००/- (एकचालिस करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- (एक सय) दरका ४१,००,००० (एकचालिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । ५.४ कम्पनीले प्रचलित ऐन बमोजिम सर्वसाधारणलाई २५ प्रतिशत सार्वजनिक शेयर निश्कासन गर्न सक्नेछ । उक्त २५ प्रतिशत मध्ये प्रचलित कानुन बमोजिम दिइने र स्थानिय तथा प्रत्यक्ष प्रभावित बासिन्दालाई यस अघि दिई सकेको शेयरपनि यसै अन्तर्गत पारिने छ ।	कम्पनीको लगानी क्षमता वृद्धि गर्न ।

२.	दफा ७. अन्य आवश्यक कुराहरु : ७.४ सस्थापक वा अन्य कुनै व्यक्तीले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने कुरा : हाल संथापक वा अन्य कुनै व्यक्तीलाई कुनै सहुलियत र विशेष व्यवस्था गरिएको छैन । ७.५ प्रवन्धपत्रमा र नियमावलीमा कुनै कुरा संशोधन गर्न परेमा कम्पनी ऐन बमोजिम साधारण सभाबाट पारित गराई सम्बन्धित बिभागको स्वीकृति लिएपछि मात्र सो संशोधन लागु हुनेछ ।	दफा ७. अन्य आवश्यक कुराहरु : ७.४ सस्थापक वा अन्य कुनै व्यक्तीले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने कुरा : संथापक वा अन्य कुनै व्यक्तीलाई दिइने विशेष सहुलियत वा अधिकार नियमावलीमा उल्लेख भएबमोजिम हुनेछ । ७.५ यस प्रवन्धपत्रमा कुनै संशोधन गर्नुपर्ने भएमा साधारण सभा बाट विशेष प्रस्ताव पारीत गरी सो निर्णय कार्यालयमा जानकारी गराए पछि प्रबन्धपत्र संशोधन भएको मानिने छ ।	कम्पनी प्रभावकारी तवरले संचालन गर्न आवश्यक देखिएकोले

नियमावलीमा संशोधन (तीन महले) प्रस्ताव

क.सं.	साविक व्यवस्था	हालको (संशोधित) व्यवस्था	क.सं.
१.	दफा ५. (ख) कम्पनीको जारी पूँजी रु. २३,००,००,०००/-(तेईस करोड) हुनेछ । (ङ)कम्पनीले हाल सार्वजनिक निस्काशनको व्यवस्था गरेको छ । जस मध्ये जारीपुँजीको ३० प्रतिशत सर्वसाधारणलाई छुट्टाइएको छ । उक्त ३० प्रतिशत मध्ये प्रचलित कानुन बमोजिम दिइने र स्थानिय तथा प्रत्यक्ष प्रभावित बासिन्दालाई यस अघि दिई सकेको शेयर पनि यसै अन्तर्गत पारिने छ ।	दफा ५. (ख) यस कम्पनीको जारी पूँजी रु.४१,००,००,०००/- (एकचालिस करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- (एक सय) दरका ४१,००,००० (एकचालिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । (ङ) कम्पनीले प्रचलित ऐन बमोजिम सर्वसाधरणलाई २५ प्रतिशत सार्वजनिक शेयर निश्कासन गर्न सक्नेछ । उक्त २५ प्रतिशत मध्ये प्रचलित कानुन बमोजिम दिइने र स्थानिय तथा प्रत्यक्ष प्रभावित बासिन्दालाई यस अघि दिई सकेको शेयर पनि यसै अन्तर्गत पारिने छ ।	कम्पनीको लगानी क्षमता वृद्धि गर्न ।
२.	दफा १२. संचालक समिति : (ख) यस कम्पनीमा सात जना संचालक हुनेछन् ।	दफा १२. संचालक समिति : (ख) यस कम्पनीमा हाल ७ (सात) जनाको संचालक समिति हुनेछ । शेयरधनिमध्ये लमजुङ्ग विद्युत विकास कम्पनी र साङ्गे विद्युत कम्पनी लिमिटेडको संयुक्त शेयर स्वामित्व कम्तीमा ५० प्रतिशत भएसम्म निज	कम्पनी प्रभावकारी तवरले संचालन गर्न आवश्यक देखिएकोले ।

	(झ) नभएको	हरुले बहुमत संचालक नियुक्त गर्नपाउने छन् । (झ) संचालक नियुक्ति सम्बन्धी खास व्यवस्था भए सो कुरा खुलाउने : लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेड र साङ्गे विद्युत कम्पनी लिमिटेडको एक्लै वा संयुक्तरुपमा ११% वा सो भन्दा बढी शेयर स्वामित्व रहेको अवस्थामा निज शेयरधनिहरुले संचालक समितीमा कम्तीमा १ जना संचालक नियुक्त गर्न पाउने छ ।	
	(ञ) नभएको	(ञ) दफा १२ (झ) वमोजिमको अवस्थामा लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेड वा साङ्गे विद्युत कम्पनी लिमिटेडका प्रतिनिधी नै संचालक समितीमा प्रवन्ध संचालक नियुक्त हुनेछन ।	
३.	दफा २१ : अन्य आवश्यक कुराहरु : २१.७ नभएको २१.८ नभएको २१.९ नभएको	दफा २१ : अन्य आबश्यक कुराहरु : २१.७ स्वतन्त्र संचालकको नियुक्ति प्रचलित ऐन बमोजिम संचालक समितीले गर्ने छ । २१.८ लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेड र साङ्गे विद्युत कम्पनी लिमिटेड विशेष अधिकार प्राप्त शेयरधनि हुनेछन । २१.९ (क) कम्पनीले राधी जलविद्युत आयोजनाको ऋण अवधि भरिको लागि लमजुङ्ग विद्युत विकास कम्पनीबाट जोखिम व्यवस्थापन, आयोजना संचालन तथा अन्य आवश्यक कार्यको लागि परामर्श सेवा लिने छ र उक्त परार्मश सेवाको लागी प्रति महिना रु. ४,००,००० (चार लाख) का दरले परामर्श शुल्क लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेडलाई दिने छ । ऋण चुक्ता भए पछि संचालन तथा अन्य आवश्यक परामर्श सेवा स्वरुप लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेडलाई प्रति महिना रु. १,७५,००० (एक लाख पचहत्तर हजार) राधी जलविद्युत आयोजनाको उत्पादन अनुमती पत्रमा उल्लेखित अवधिभरीको लागि दिनु पर्ने छ । (ख) उपदफा २१.९ (क) बमोजिमको	कम्पनी प्रभावकारी तवरले संचालन गर्न आवश्यक देखिएकोले।

		प्रावधान राधी विद्युत कम्पनी लिमिटेडले खारेज गर्न चाहेको अवस्थामा लमजुङ्ग विद्युत विकास कम्पनीलाई वार्षिक रु.१५,००,००० (पन्ध्र लाख) को दरले विद्युत उत्पादन अनुमती पत्र को बाँकी अवधिका लागि एकमुष्ठ भुक्तानी गर्नु पर्नेछ । लमजुङ्ग विद्युत विकास कम्पनीले २१.९ (क) मा उल्लेख गरिए भन्दा बढी परामर्श शुल्क माग गर्न पाउने छैन । (ग) दफा २१.९ (क) र (ख) का प्रावधानहरु लमजुङ्ग विद्युत विकास कम्पनी र राधी विद्युत कम्पनीको आपसी सहमतिमा परिवर्तन गर्न सकिनेछ ।	
	२१.१० नभएको	२१.१० कम्पनीले जारी गरेको हकप्रद शेयर कुनै शेयरधनीले खरिद नगरेको अवस्थामा उक्त शेयरमा लमजुङ्ग विद्युत विकास कम्पनीको पहिलो हक लाग्ने छ । लमजुङ्ग विद्युत विकास कम्पनीले शेयर खरिद नगरेको अवस्थामा मात्र उक्त शेयर अन्य लगानीकर्ताले खरिद गर्न पाउने छन् ।	
	२१.११ नभएको	२१.११ विशेष अधिकार प्राप्त शेयरधनिको अधिकार निज शेयरधनिहरुको लिखित स्वीकृती विना हेरफेर गर्न पाइने छैन ।	
	२१.१२ नभएको	२१.१२ यस नियमावलीमा कम्पनीले कुनै संशोधन गर्नुपर्ने भएमा साधारण सभा बाट विशेष प्रस्ताव पारीत गरी सो निर्णय कार्यालयमा जानकारी गराए पछि नियमावली संशोधन भएको मानिने छ ।	

छलफलको लागि अन्य कुनै प्रस्ताव बाँकी नभएकोले अध्यक्षज्यूले उपस्थित संचालक तथा शेयरधनीहरुलाई धन्यवाद दिदै आजको बैठक समापन गर्नुभयो ।

कम्पनी सचिव

अध्यक्ष